# देवचुली नगरपालिकाको नगर उप-प्रमुखले दोस्रो नगरसभाको पाचौँ अधिवेशनमा पेश गर्नु भएको बजेट वक्तव्य ।

<u>प्रस्तुतकर्ता</u>

**पार्वता तिवारी**

**नगर उप-प्रमुख**

## देवचुली नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

**गण्डकी प्रदेश**

*मिति: २०८१ असार ०७ गते शुक्रबार ।*

आर्थिक वर्ष २०८१-८२

# देवचुली नगरपालिकाको आर्थिक वर्ष २०८१/ ०८२ को वजेट वक्तव्य ।

**नगरसभाका सभाध्यक्ष ज्यू,**
**नगरसभाका सदस्य ज्यूहरु,**

❖ यस नगरपालिकाको दोस्रो नगरसभाको पाचौँ अधिवेशनमा आ.व २०८१/०८२ को बजेट तथा कार्यक्रम पेश गर्न पाउँदा गौरवान्वित अनुभव गरेको छु ।

❖ यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनका लागि आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण महान सहिदहरुप्रति भावपूर्ण श्रद्वान्जली अर्पण गर्दछु ।

❖ नेपालको संविधान, आवधिक योजनाका साथै नगरबासी, राजनीतिक दल तथा सरोकारवालाबाट प्राप्त सुझाव र पृष्ठपोषणको आधारमा यो बजेट तथा कार्यक्रम तयार पारेको छु ।

**सभाध्यक्ष ज्यू,**

अब म चालु आर्थिक वर्षमा भएका महत्वपूर्ण कार्यक्रम तथा उपलब्धीहरु यस नगरसभामा पेश गर्ने अनुमति चाहान्छु ।

- चालु आर्थिक वर्षमा विनियोजन भएको कुल बजेटको ११ महिना सम्ममा नगरपालिकाको वित्तीय प्रगति ६८.९२ प्रतिशत रहेको छ । नगरको चालु खर्च ७५.२२ प्रतिशत रहेको छ भने पूँजीगत तर्फ ६०.६१ प्रतिशत रहेको छ । क्षेत्रगत रुपमा आर्थिक विकासमा ४५.५७ प्रतिशत पूर्वाधार विकासमा ६२.५४ प्रतिशत, सामाजिक विकासमा ७१.४८ प्रतिशत, वन वातावरण विपद व्यवस्थापन र अन्तरसम्वन्धित ५०.६३ प्रतिशत र कार्यालय सञ्चालन ७२.५४ प्रतिशत वित्तीय प्रगति रहेको छ ।
- चालु आर्थिक वर्षमा ४३४७.७ मिटर बाटो कालोपत्रे, ३५६१ मिटर सडक ग्राभेल तथा स्तरउन्नती, ११३५० मिटर नाला, २९ वटा कल्भर्ट,५२ सामुदायिक भवन निर्माण तथा स्तरउन्नती गरिएको छ ।
- कुल विनियोजित ४८९ योजनाहरु मध्ये ४०७ वटा योजनाहरुको मुल्यांकन पश्चात भुक्तानी गरिएको छ भने बाकी भुक्तानी प्रक्रियामा रहेका छन ।

- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ३ विद्यालय तथा नमुना विद्यालय अन्तर्गत २ विद्यालयको मूल्याङ्कनको आधारमा रकम निकासा भएको छ ।
- संघीय सरकारबाट प्राप्त विशेष अनुदान कार्यक्रम मार्फत ५ वटा वडाहरुमा बोलपत्रको माध्यमबाट ११७८ मिटर पक्कि ढलान वाल सहित मेष जाली निर्माण कार्य सम्पन्न भएको छ ।
- वडा नं ६, ८ र ९ मा निर्माणाधीन झोलुंगे पूलहरुको स्टील पार्ट्स सामग्रीहरु खरिद गरी उपभोक्ता समितिसँग सम्झौता भई निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
- ७६४ वटा पक्की घरहरुको नक्सा पास तथा अभिलेख र ३६ वटा कच्ची घरहरु सुचिकृत गरिएको छ ।
- नगरकै ठूलो योजनाको रुपमा देवचुली ३ मा निर्माणाधिन १५ शैया नगर अस्पालको ढलान सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न भएको छ ।
- नगरभित्रका विभिन्न ६ वटा आयोजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) स्वीकृति गरी प्रकृया अघि बढेको छ ।
- सडक बोर्ड नेपालबाट विनियोजित ६५ लाख रकममा उपभोक्ता बाट ३० प्रतिशत नगद सहभागिता सहित विभिन्न ५ स्थानमा बाटो स्तरोन्नती कार्य अगाडि बढेको छ ।
- पर्यटन वोर्ड र नगरपालिकाको संयुक्त लगानीमा १८०० मिटर देवचुली डाँडा पदमार्ग लगायतका अन्य पूर्वधार निर्माण कार्य सम्पन्न भएको छ ।
- विद्यार्थी संख्या तथा शिक्षक दरवन्दी मिलान कार्यविधि अनुसार १३ शिक्षक दरवन्दी व्यवस्थापन भएको छ ।
- शिक्षकहरु तथा बालविकास सहजकर्ताहरुको विषयगत क्षमता विकास तथा प्रविधिमैत्री शिक्षणको लागि कार्यक्रमहरू सञ्चालन भएको छ ।
- शिक्षा क्षेत्रको ३ वर्षे अद्यावधिक शिक्षा योजना निर्माण तथा कार्यान्वयनको चरणमा अगाडि बढेको छ ।
- प्रसुति बिदा क्षति न्यूनिकरण अनुदान अन्तर्गत प्रसुतिका कारणले हुने शैक्षिक क्षतिको न्यूनिकरणको लागि शिक्षक व्यवस्थापन र कार्यान्वयन भएको छ ।

- नगरस्तरीय अतिरिक्त कृयाकलाप तथा बाल प्रतिभा पहिचान अन्तर्गत हाजिरीजवाफ प्रतियोगिता तथा विज्ञान प्रदर्शनी कार्यक्रम सम्पन्न गरी शिक्षक तथा विद्यार्थी सम्मान गरिएको छ।
- मासिक शिक्षक कर्मचारी तलब निकासा कार्यक्रमको सुरुवात भएको छ।
- प्रतिनिधिमूलक विद्यालयमा विद्यालय करेसाबारी कार्यक्रम मार्फत व्यवहारिक तथा सीपमूलक शिक्षाको सुरुवात भएको छ।
- नगर स्तरिय राष्ट्रपति रनिङ्गशिल्ड लगायतका विभिन्न कार्यक्रम तथा गण्डकी स्तरीय राष्ट्रपति रनिङ शिल्ड अन्तर्गत भलिवल र कवड्डी खेल सम्पन्न भएको छ
- नगरस्तरीय पुरुष तथा महिला टिम निर्माण गरी जिल्ला स्तरमा हुने प्रतियोगितामा सहभागी गराइएको छ।
- दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रलाई देवचुली नगर अस्पतालमा स्तरउन्नति गरि सम्पूर्ण सेवा (बर्थिंग सेन्टर,टिकट काउन्टर ,आकस्मिकसेवा,फार्मेसी सेवा,प्रयोगशाला) स्वास्थ्यकर्मी र चिकित्सक सहित २४ सै घण्टा स्वास्थ्य बिमा सहितको सेवा संचालन गरिएको छ।
- देवचुली नगर अस्पतालमा हाडजोर्नी तथा नशारोग विशेषज्ञ, स्त्री रोग विशेषज्ञ र जनरल फिजिसियन सहितको सेवा हप्ताको १ पटक प्रदान गर्ने व्यवस्था गरिएको छ।
- ३५५२ जना जेष्ठ नागरिकलाई निशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरी स्वास्थ्य परामर्श सेवा प्रदान गरिएको छ।
- दादुरा रुबेला खोप अभियान अन्तर्गत ९ महिना देखि १५ बर्ष सम्मका १६३५९ जना बालबालिकालाई दादुरा रुबेला खोप लगाईएको छ।
- क्यान्सर, मेरुदण्ड पक्षघात,मृगौला डायलाईसिस र प्रत्यारोपण गरेका कूल १२४ जना विरामीलाई औषधि उपचार खर्च मासिक ५ हजारको दरले भुक्तानी उपलब्ध गराईएको छ।
- महिलाको पाठेघरको मुखको क्यान्सरको निशुल्क परीक्षण शिविर विभिन्न १२ स्थानमा संचालन गरी ९९५ जनालाई सेवा प्रदान गरिएको छ।
- नगर भित्रका ५ वर्ष मुनिका २४०७ जना बालबालिकालाई खोप लगाई मिति २०८१।०१।३१ मा नगरलाई पूर्णखोप र दिगोपना पालिका घोषणा गरिएको छ।

- जहाँ सुत्केरी त्यहाँ नर्स कार्यक्रम लागु गरि ८३६ जना सुत्केरी र नवजात शिशुको स्वास्थ्य परीक्षण गरी सेवा दिएको छ ।
- टोलविकास संस्थाका ५१७ जना प्रतिनिधिहरुलाई डेँगु जापनिज इन्सेप्लाईटिस रोगथाम नियन्त्रण स्क्रब टाइफस, मलेरिया सम्बन्धी अभिमुखिकरण तथा टोल सरसफाई कार्यक्रम सम्पन्न भएको छ ।
- घरमा शुन्य सुत्केरी अभियान मार्फत ६४७ जना गर्भवती महिला मध्ये ६४५ जना बर्थिंग सेन्टरमा सुत्केरी भएका छन ।
- ३ वटा स्वास्थ्य चौकी तथा १२ वटा आधारभूत स्वास्थ्य केन्द्रमा २ पटक न्यूनतम सेवा मापदण्ड (MSS) मूल्याङ्कन भएको छ ।
- पारिवारिक स्वास्थ्य प्रोफाईल मार्फत नगरको कूल जनसंख्या ५७४२१ नगरबासीको डिजिटल स्वास्थ्य प्रोफाईल तयार भएको छ ।
- नगरपालिकालाई क्षयरोग मुक्त नगर बनाउन प्रत्येक वडामा १ जना क्षयरोग मुक्त अभियान स्वयंसेवक छनौट गरी अभियान संचालन भएको छ ।
- नसर्ने रोग न्यूनिकरणको लागि आयुर्वेद क्लिनिक मार्फत विभिन्न वडाहरुमा १९८४ जना सेवाग्राहीहरुलाई निशुल्क आयुर्वेद सेवा उपलब्ध भएको छ ।
- पूर्वकर्म/पंन्चकर्म अन्तर्गत शिरोधारा, बस्ती, नस्य,स्वेदन कार्यक्रम मार्फत ५७३ जना सेवाग्रहीलाई माईग्रेन, पिनास, बातब्याधी, शूल, आघातजन्य रोगको उपचार भएको छ ।
- जेष्ठनागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम मार्फत जम्मा ७१६ जना जेष्ठनागरिकलाई रसायन जन्य आयुर्वेद औषधि वितरण भएको छ ।
- बाल दिवस, अन्तराष्ट्रिय महिला दिवस, अपागं दिवस, लैङ्गिक हिंसा विरुद्धको अभियान जस्ता दिवसहरुमा विभिन्न कार्यक्रम सम्पन्न गरिएको छ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई विउँ पुर्जी वितरण गरी सिप तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम सम्पन्न गरिएको छ ।
- अन्तरपुस्ता ज्ञान हस्तान्तरण कार्यक्रम अन्तरगत बालबालिका, युवा तथा ज्येष्ठ नगरिकहरुको सहभागितामा अन्तर संवाद कार्यक्रम सम्पन्न गरिएको छ ।
- मौरिपालक कृषक प्रवर्द्धनको लागी ५० प्रतिशत अनुदानमा १२० मौरी घार र २१० केजि आधार चाका वितरण भएको छ ।

आर्थिक वर्ष २०८१-८२

- सिँचाई व्यवस्थापन कार्यक्रम अन्तर्गत २० लाख बराबरको कृषि सिंचाई पुर्वाधार निर्माण भएको छ
- माटो परीक्षण शिविर संचालन सहित देवचुली माटो स्वास्थ्य प्रोफाइल निर्माण भएको छ।
- भकारो सुधार कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा ३ वटा फर्मको भकारो सुधार गरिएको छ।
- खाद्यान्न बालीको उन्नत विउ वितरण कार्यक्रम अन्तर्गत ३९५४९ के जी धानको मूल विउ वितरण गरिएको तथा ११६९५ के जी गहुँको विउ वितरण गरिएको छ।
- सेवा टेवा सहित नगरभित्रका विभिन्न सात ठाउँमा कृषि सम्वन्धी तालिम सञ्चालन गरिएको छ।
- मकैवाली प्रर्वधन कार्यक्रममा नगरभित्र ४ वटा पकेट स्थापना गरी तालिम तथा विउ वितरण कार्यक्रम सम्पन्न गरिएको छ।
- किसान सूचिकरण कार्यक्रम अन्तर्गत यस वर्ष ५००० कृषक कार्ड वितरण गरी कृषि तथा पशु सेवा शाखाबाट प्रदान गर्ने सेवासँग आवद्ध गरिएको छ।
- lumpy skin disease रोग नियन्त्रण कार्यक्रम अन्तर्गत गाई/भैंसीहरुमा lumpy skin disease रोग बिरुद्ध खोप लगाउने कार्यमा ९ जना खोपकर्ताहरु देवचुली नगरपालिकाका सबै वडाहरुमा परिचालन भई गाई/भैंसीहरुमा खोप कार्य सम्पन्न भएको छ।
- नगरपालिका क्षेत्रका १२०० जना कृषकको १८,७८५ वटा पशुपन्छीहरुले नि:शुल्क उपचार सेवा प्राप्त भएको जसमध्ये ८२५७ वटा गाईभैंसीमा खोरेत रोग विरुद्ध खोप सेवा लगाइएको छ।
- प्रयोगशाला परिक्षणमा गोबर ४८५ वटा , दुध परिक्षण २० पटक , रगत परिक्षण २ पटक र पोट मोर्टन परिक्षण ८ वटा गरी ५१५ सख्यामा परिक्षण भएको छ।
- कृषकहरुलाई हिउँदे तथा वर्षे घाँसको बीउ वितरण कार्यक्रम अन्तर्गत जै घाँसको बीउ : ४ टन, बर्षिम घाँसको बीउ : ३५० किलो, सुडान घाँसको बीउ : १२५० किलो, टियोसेन्टी घाँसको बीउ : ३३५० किलो वितरण भएको छ।
- गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नं १२ मा सामूहिक बेसार खेती तथा बेमैसमी तरकारी बाली सम्बन्धी प्रयोगात्मक सहितको तालिम कार्यक्रम

आर्थिक वर्ष २०८१-८२

संचालन गरि ३ कठ्ठा जग्गामा सामुहिक बेसार खेति गरिएको छ भने समूहमा १० थान स्प्रे ट्याङ्की, १ थान मिनि टेलर मेसिन र १ थान बेसार कुट्ने मेसिन हस्तान्तरण गरिएको छ।

- नगरपालिका भित्र परम्परागत रुपमा संचालनमा रहेका आरन व्यवसायलाई संरक्षण गर्दै थप व्यवस्थित रुपमा संचालन गर्नको लागी १८ वटा आरन व्यवसायिलाई आरन सामाग्री वितरण गरिएको छ।
- देवचुली नगरपालिका पर्यटकिय गैरवको रुपमा रहेको देवचुली डाडाँलाई पर्यटकिय गन्तव्यको रुपमा प्रर्वधन गर्नको देवचुली जेसिस र नगरपालिकाको समन्वयमा देवचुली डाँडा पर्यटन महोत्सव कार्यक्रम सम्पन्न भएको छ।
- सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्या समाधानको लागी वडा नं ४, ५, १६ र १७ जग्गा नाप जाँच गरी ७१४ जनाको थप प्रक्रियाको लागी भूमि आयोगमा पठाईएको छ। वडा नं १२ र १३ को नापँ जाच कार्य सम्पन्न भएको छ भने वडा नं १ को नाप जाँच प्रकिया कार्य अगाडी बढाईएको छ।
- आ व २०८०/०८१ मा सूचिकृत ७६८ बेरोजगार मध्ये काम गर्न इच्छुक २०५ जनालाई औसतमा २५ दिनको रोजगारी प्रदान गरिएको छ।
- नगरपालिकाको सहजिकरणमा ८० जना व्यक्तिले श्रम स्वीकृति लिएका छन।
- वैदेशिक रोजगार बोर्ड मार्फत प्रदान गरिने आर्थिक सहायता तथा अन्य सहायता सम्बन्धी कार्यमा सहजिकरण गर्दै ८ वटा निवेदनहरु बैदेशिक रोजगार बोर्डमा पठाइएको छ।
- ५१ जना सुचिकृत मेलमिलापकर्ता लाइ मेलमिलाप सम्बन्धि ३ दिने पुनर्ताजगी तालिम संचालन भएको छ।
- न्यायिक समिति जम्मा ४८ वटा बैठक बसी चालु आर्थिक वर्षको ५० र गत आर्थिक वर्षका २६ गरी कुल ७६ वटा उजुरी दर्ता भएकोमा ४ वटा निरुपण ,५९ वटा मेलमिलाप गरी ६३ वटाको समाधान भएको तथा १३ वटा उजुरी गुनासो समाधान गर्न बाकी रहेको छन।
- वडामा दर्ता भएका ९५ उजुरी सम्बोधनका लागी १५१ पटक मेलमिलाप कर्ताको बैठक बसी ५४ वटा समाधान भई बाकी ४१ वटा छलफलका क्रममा रहेका छन।
- नगरपालिकाका विभिन्न ४ ठाउँमा मिडियासँगको समन्वयमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिएको छ।
- सामाजिक सरक्षा भत्तालाई EFT मार्फत सम्बन्धित लाभग्राहीको खातामानै भुक्तानी हुने व्यवस्था भएको छ।

- स्थानीय तह संस्थागत स्वमूल्याङ्कनमा ८६.५ अंकभार तथा स्थानीय तह वित्तिय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीमा ६८ अंकभार प्राप्त भएको छ।
- राजश्व प्रणालीलाई थप व्यवस्थित बनाउन सुत्र सफ्टवेयर लागु गरिएको छ। सबै वडा कार्यालयबाट केन्द्रिकृत अनलाइन नागरिकता सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन गरी सेवा प्रदान भएको छ।

## सभाध्यक्ष ज्यू,

अब म आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका उद्धेश्य र प्राथमिकता क्षेत्रहरु प्रस्तुत गर्न चाहन्छु।

बजेटका उद्देश्यहरु देहायवमोजिम रहेका छन।

- उपलब्ध श्रोत, साधन, अवसर र क्षमताको अधिकतम उपयोग गरी नगरभित्रका जनतको आर्थिक अवस्थालाई सवलिकरण गर्ने,
- गुणस्तरीय स्वास्थ्य सेवामा नगरवासीको पहुँच विस्तार गर्ने, विभिन्न प्रकारका महामारीको रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचार सहित सहज, सरल र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी नगरवासीको जीवन रक्षा गर्ने,
- नगरबासीको चाहना अनुसारका विकास योजना र कार्यक्रमहरु कार्यान्वयनमा जोड दिने,
- रोजगारमूकल, व्यवहारिक र प्रावधिक सीप तथा तालिम मार्फत रोजगारीको सिर्जना गरी नागरिकको जीवनलाई सहज र सुरक्षित बनाउने, कार्यक्रम कार्यान्वयनमा पारदर्शीता, गुणस्तरियता र जनसहभागिता सहित सेवा प्रवाहलाई सरल, सहज र सरलीकरण गर्दै सुशासन कायम गर्ने,
- दिगो विकासको लक्ष्य र जलवायु परिवर्तन बाट देखिएको असरलाई न्यूनीकरण गर्दै वातावरणमैत्री विकास मार्फत स्वच्छ, सफा, हराभरा नगरको विकास गर्ने ।

बजेटका प्राथमिकताका क्षेत्रहरु देहायवमोजिम रहेका छन।

- कृषि सेवा र पशु विकास,
- शिक्षा स्वास्थ्य लगायत सामाजिक क्षेत्रहरु,
- पर्यापर्यटन र पूर्वाधार,
- संस्थागत विकास, सुशासन र सेवा प्रवाह ।

**नगरसभाका सभाध्यक्ष ज्यू,**

**नगरसभाका सदस्य ज्यूहरु,**

**अब म यस सम्मानित नगरसभामा आगामी आर्थिक वर्ष २०८१/८२ को लागि प्रस्तावित आय र व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- **कुल विनियोजित वजेटमा विषयगत क्षेत्र अन्तर्गत सामाजिक विकास क्षेत्र तर्फ रु ४४ करोड २३ लाख ९५ हजार , आर्थिक विकास क्षेत्र तर्फ रु ८ करोड ५४ लाख ६७ हजार, पुर्वाधार विकास क्षेत्र तर्फ रु १६ करोड ९२ लाख ६२ हजार, वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फ रु २ करोड ७९ लाख ८० हजार, संस्थागत तथा सुशासन क्षेत्र तर्फ रु ४ करोड २१ लाख ५० हजार र कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र तर्फ रु १४ करोड ४१ लाख ७५ हजार वजेट विनियोजन गरेको छु ।**
- **कृषि क्षेत्रमा रोजगारी प्रवर्द्धन तथा आत्मनिर्भर उन्मुख गराउन सामूहिक खेती प्रणाली कार्यक्रम सञ्चालनको लागि रु ३० लाख र मेयरसँग कृषक कार्यक्रमका लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।**
- **तरकारी फलफुल र खाद्यान्न बालीका क्षेत्रमा कुल ५ ओटा पकेट क्षेत्र विस्तार गर्न रु ३५ लाख वजेट विनियोजन गरेको छु ।**
- **सिँचाइ पूर्वाधार, मल विउ विजन, व्याजमा अनुदानको व्यवस्थाका साथ व्यवसायिक कृषक प्रवर्द्धनात्मक कार्यक्रमका लागि रु ३३ लाख बजेट विनियोजन गरेको छु ।**
- **नगरको सवारी घर घरमा करेसावारी, महको न्यूनतम समर्थन मूल्य निर्धारण, किसान सँग सवारी लगायतका कृषकसँग प्रत्यक्ष रुपमा जोडिने खालका कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।**
- **किसानले उत्पादन गरेका कृषि उपज संकलन, भण्डारण, बजारीकरण तथा ढुवानी केन्द्र सञ्चालनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।**
- **बाख्रा, वंगुर, कुखुरा, हाँस पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालनको लागि रु २७ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।**
- **दुग्ध उत्पादन कृषकहरुलाई प्रोत्साहन गर्न प्रति लिटर १ रुपैयाँका दरले दुध उत्पादनमा अनुदान दिने व्यवस्थाका लागि रु ३० लाख बजेट विनियोजन गरेको छु ।**

आर्थिक वर्ष २०८१-८२

- उन्नत घाँसका बिउ वितरण, साईलेज उद्योगको लागि अनुदानमा मकै विउ वितरण, छाडा चौपायाहरुको व्यवस्थापन लगायतका कार्यक्रमको लागि ४७ लाख ५० हजार विनियोजन गरेको छु ।
- खराब ऋण प्रवाहलाई न्यूनिकरण गर्नको लागि सहकारीहरुको सहकार्यमा कर्जा सूचना केन्द्र स्थापनाको, सहकारी संस्था तथा पदाधिकारीहरुको क्षमता विकास, नगरभित्रका व्यवसायहरुको लागी व्यवसाय सुरक्षाको , लगानी सम्मेलन लगायतका कार्यक्रमको लागी रु २० लाख बजेट विनियोजन गरेको छु ।
- समग्र देवचुलीको पर्यटन क्षेत्र विकासको लागि देवचुली परिक्रमा सम्भाव्यता अध्ययनको निम्ति रु ७ लाख बजेट विनियोजन गरेको छु ।
- बोटे माझी लगायत अल्पसंख्यक समुदायमा होमस्टे मार्फत आय आर्जन वृद्धिका लागि रु ८ लाख बजेट विनियोजन गरेको छु ।
- भूमि व्यवस्थापन एवम् सार्वजनिक जग्गा संरक्षणको लागि रु ११ लाख ५० हजार विनियोजन गरेको छु ।
- श्रमिकको सम्मानका लागि श्रम डेस्क स्थापना, रोजगार प्रवर्द्धनको लागि रोजगार मेला लगायतका कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
- नगरको समग्र शैक्षिक क्षेत्रको गुणस्तर विकासको लागी शैक्षिक सुधार कोष स्थापना गर्न रु ४० लाख बजेट विनियोजन गरेको छु ।
- समस्यामा परेका शिक्षकहरुको आर्थिक सहयोगको लागि शिक्षक सहायता सापटिको लागी रु ७ लाख विनियोजन गरेको छु ।
- शैक्षिक गुणस्तर सुधारको लागि सामुदायिक विद्यालयमा कार्यरत बाल शिक्षिका तथा विद्यालय कर्मचारीको प्रोत्साहन कार्यक्रम, वैकल्पिक शिक्षण विधि, प्रविधिमैत्री र शैक्षिक पूर्वाधार विकास, स्वयमसेवक शिक्षक विकास, विद्यालयको शैक्षिक गुणस्तर विकास लगायत शिक्षा क्षेत्रको नियमन र व्यवस्थापनको लागि १ करोड ८८ लाख बजेट विनियोजन गरेको छु ।
- देवचुली कलेज र जनज्योति कलेजलाई दिदै आएको शिक्षक अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- खेलकुद आयोजना तथा खेल प्रशिक्षण मार्फत समग्र खेलकुद क्षेत्रको विकास तथा युवा सिप विकास कार्यक्रमको लागि रु २३ लाख बजेट विनियोजन गरेको छु ।

आर्थिक वर्ष २०८१-८२

- जनज्योति माध्यमिक विद्यालय र मनकामना आधारभूत विद्यालयको बस खरिद तथा पृथ्वी माध्यमिक विद्यालय  भ्यान खरिदको लागि क्रमशः १५ लाख, २० लाख र १५ लाख बजेट विनियोजन गरेको छु ।
- देवचुली माध्यमिक विद्यालयमा चमेना गृह निर्माणको लागि रु २२ लाख ५० हजार, नारायणी आधारभूत विद्यालय अधुरो भवन निर्माण रु १० लाख, दिव्यज्योति आधारभूत विद्यालय भवनको लागि रु १० लाख, सुर्यकिरण आधारभूत विद्यालय भवन निर्माणको लागि रु १७ लाख, जनज्योति कलेज अधुरो भवन निर्माणको लागि रु ८ लाख बजेटको व्यवस्था गरेको छु ।
- सामाजिक विकास कार्यक्रम अन्तर्गत महिला सशक्तिकरण, लैङ्गिक हिसां निवारण, ज्येष्ठ नागरिक सहायता कार्यक्रम, बालबालिकाको समग्र विकासको लागि सचेतना सहितको कार्यक्रम, मानवीय पुस्तकालय एवम् आपाङ्गता भएका व्यक्तिहरुका लागि कार्यक्रम सञ्चालन गर्न रु २५ लाख बजेट विनियोजन गरेको छु ।
- महिला सशक्तिकरण, दलित अल्पसंख्यक पिछडिएको समुदाय लक्षित वर्ग कार्यक्रम सञ्चालनको लागि रु २० लाख र महिला उद्यमशीलता आयआर्जन कार्यक्रमको लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।
- स्वास्थ्य सेवालाई आम नागरिकको सहज पहुँच, सचेतना, उपचारात्मक एवम् निरोधात्मक स्वास्थ्य सेवा कार्यक्रमको लागि रु ६५ लाख बजेट विनियोजन गरेको छु ।
- नगर जनस्वास्थ्य कार्यक्रम मार्फत ज्येष्ठ नागरिक घर दैलो स्वास्थ्य शिविर जस्ता कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न विद्यार्थीहरुका अभिभावक स्वास्थ्य विमा कार्यक्रमको लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।
- भान्सा सुधार कार्यक्रम, नागरिक आरोग्य क्लिनिक, स्वास्थ्य जीवन प्रवर्द्धनका लागि सकरात्मक सोच अभिवृद्धि कार्यक्रम, स्थानीय जडिबुटीको परिचयात्मक कार्यक्रम, आयुर्वेदिक औषधी निर्माण तथा निशुल्क आयुर्वेद स्वास्थ्य शिविर लगायतका कार्यक्रमको लागि रु २२ लाख बजेट विनियोजन गरेको छु ।
- नगरबाट प्रदान सेवालाई चुस्त दुरुस्त सहज एवम् सरल बनाउनका लागि नागरिक सेवा कक्षा सञ्चालनको लागि रु १५ लाख वजेट विनियोजन गरेको छु ।

- नगरको तथ्याकं प्रणालीलाई एकिकृत र यथार्थपरक बनाउन नगर डिजिटल प्रोफाइल निर्माणको लागि बजेट व्यवस्थापन गरेको छु ।
- नगरभित्रको फोहोरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि रु ७५ लाख बजेट बिनियोजन गरेको छु ।
- नगरस्तरीय सडक गुरुयोजना निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- देवचुली डाँडा पर्यटन पूर्वाधार निर्माणको लागि रु ४० लाख बजेट विनियोजन गरेको छु ।
- मानव तथा वन्यजन्तुबीचको द्वन्द्ध न्यूनिकरण गर्न मेस जालीको लागि रु ९० लाख बजेट विनियोजन गरेको छु ।
- नगर भित्रका साना पूर्वाधार निर्माणको लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।
- नारायणी दिव्यधाम दाह सँस्कार घाट व्यवस्थित बनाउनको लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।
- वडा नं १७ मा गैँडाताल संरक्षण र पुनर्निर्माणका लागि रु २२ लाख ५० हजार तथा वडा नं १२ मा पोखरी निर्माणको लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।
- प्रकृतिक प्रकोप तथा अन्य विपतजन्य घटनाको लागि खर्च हुने विशेष कोषमा रु १ करोड विनियोजन गरेको छु ।
- सङ्घीय तथा प्रदेश सरकारको समपुरक अनुदानबाट सञ्चालन हुने विभिन्न आयोजनाका लागि नगरपालिकाका तर्फबाट समपुरण गर्नका लागि समपुरक कोषमा रु ३ करोड विनियोजन गरेको छु ।
- वडास्तरीय कार्यक्रमका लागि विकासका ५ स्तम्भहरु आर्थिक , सामाजिक, पूर्वाधार, वन वातावरण र संस्थागत विकासका लागि भुगोल, जनसंख्या, राजश्व र गरिवी जस्ता सुत्रको आधार समेतबाट १७ वडाको लागि जम्मा रु ७ करोड बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष ज्यू,**

आगामी आर्थिक वर्ष २०८१/८२ का लागि चालुतर्फ रु ५५ करोड १४ लाख ५३ हजार ९ सय ६४ र पूँजिगत तर्फ ३५ करोड ९९ लाख ८३ हजार ४ सय गरी व्यय तर्फ कुल ९१ करोड १४ लाख ३७ हजार ३ सय ६४ को वार्षिक वजेट तथा कार्यक्रम पेश गरेको छु । सङ्घीय सरकारको सशर्त अनुदान ४० करोड ३१ लाख ९९ हजार, वित्तीय समानीकरण अनुदान १३ करोड ७० लाख, विशेष अनुदान ९० लाख र राजस्व बाँडफाँड ११ करोड ४८ लाख समावेश

गरेको छु । यसै गरी गण्डकी प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान १ करोड ८३ लाख ७० हजार र राजश्व बाँडफाँड बापत रु ५  करोड, विशेष अनुदान  तर्फ रु ४० लाख र समपुरक अनुदानतर्फ रु ६० लाख रहेको छ । यस नगरपालिकाको आन्तरिक आय  ६ करोड ३६  लाख ५० हजार, र चालु आ.व. को नगद मौज्दात बैंक अल्या  बाट रु ८ करोड ८४  लाख १८ हजार ३ सय ६४ गरी कुल  कुल  ९१ करोड १४  लाख ३७ हजार ३ सय ६४ आय हुने अनुमान प्रक्षेपण गरेको छु । बजेट तथा कार्यक्रम अनुसूची यसै साथ संलग्न गरिएको छ ।

यस बजेट तथा  कार्यक्रमसँगै आर्थिक विधेयक, २०८१ र विनियोजन विधेयक, २०८१  समेत यस सम्मानित नगर सभामा पेश गरेको  छु ।

**अन्त्यमा,**

प्रस्तुत वजेट निर्माणको क्रममा आवश्यक मार्गदर्शन तथा सल्लाह सुझाव  प्रदान गर्नुहुने आदरणीय नगर प्रमुख ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, नगरसभाका सदस्य ज्यूहरु, राष्ट्रसेवक  कर्मचारीहरु, राजनैतिक दल, नागरिक समाज, निजी क्षेत्र, संचार जगत लगायत सम्बन्धित सम्पूर्ण महानुभावहरुप्रति  हार्दिक आभार प्रकट गर्दछु ।  सँगसँगै यो बजेट तथा कार्यक्रमको कार्यान्वयनमा सबै नगरवासीहरुको सुझाव, सहयोग र साथ रहने अपेक्षा गर्दछु ।

**धन्यवाद ।**

**पार्वता तिवारी**
**नगर उप-प्रमुख**